# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः ०६१-२०८२/०८३

## तहबृद्धिका लागि आवेदन फारम पेश गर्ने सम्बन्धी सूचना।।

(प्रकाशित मितिः २०८२/०९/१६ गते)

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले हाल कायम रहेको भन्दा एक तह माथी तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. सक्कल निवेदन,

२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,

५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,

६. पछिल्ला पाँच बर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण,

७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,

८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानुन बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,

९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

(लक्ष्मणप्रसाद चालिसे)
प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मणप्रसाद चालिसे**
**प्रमुख प्रशासकीय अधिकृत**